१०५औं बैठक

आज मिति २०७७ साल भाद्र १० गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्ष्मन राना वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री नोखिराम ओली प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मान वहादुर ठाडा लेखा अधिकृत
श्री सिताकुमारी खत्री, शाखा अधिकृत
श्री कुलबहादुर खड्का, ना.सु.
श्री रेविका पाण्डे, [illegible]
श्री विजयकुमार खत्री, इन्जिनियर
श्री मोतिलाल प्रसाद, सब इन्जिनियर
श्री अनिता उपाध्याय, IT Officer

**प्रस्ताव नं. १ : रासायनिक मल आपूर्ति तथा विक्रि वितरण सम्बन्धमा ।**

निर्णय नं. १ : रासायनिक मलको आपूर्ति तथा बिक्रि बितरणका लागि बिक्रेताको प्रमाणपत्र दर्ता तथा नबिकरण गर्न रासायनिक मल निर्देशिका २०५७ र मलखाद आपूर्ति तथा बितरण ब्याबस्थापन जिल्लास्तर कार्यबिधि २०६९ अनुसार रासायनिक मलको आपूर्ति तथा बितरणका लागि बिक्रेताको प्रमाणपत्र दर्ता तथा नबिकरण गर्ने जिम्मा जिल्ला कृषि बिकास कार्यालयले गर्ने ब्याबस्था भएकोमा हाल परिबर्तित सन्दर्भमा जिल्ला कृषि बिकास कार्यालयहरु नभएको हुदा अर्को ब्याबस्था नभएसम्म बिक्रेता प्रमाणपत्र नबिकरण र दर्ता गर्ने कामको जिम्मेबारी स्थानिय तहको कृषि शाखालाई दिने भनि मिति २०७५/०४/२९ को कृषि तथा पशुपन्छी बिकास मन्त्रालय सिंहदरबारको माननिय बिभागिय मन्त्रीस्तरिय निर्णय गरि कर्णाली प्रदेशका सबै स्थानिय तह हरुलाई च.नं. १०, मिति २०७५/०४/३१ गते परिपत्र भएकोमा, यस नगरपालिका क्षेत्रभित्र रासायनिक मल आपूर्ति तथा बिक्रि बितरणका लागि ईजाजत माग भएमा कृषि सहकारी संथा तथा नियमानुसार संचालन भएका एग्रोभेटहरुलाई प्रचलित ऐन नियमको परिधिभित्र रहि रासायनिक मल आपूर्ति तथा बिक्रि बितरणका लागि नगर कृषि बिकास शाखा मार्फत ईजाजत दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : नगरपालिकामा टोल फ्रि नम्बर संचालन गर्ने सम्बन्धमा ।**

निर्णय नं. २ : यस नगरपालिकाका नागरिकका लागि नगरपालिकाले प्रदान गर्ने सेवालाई अझ प्रभावकारी गराउनका थप मद्धत पुग्नेभएकोले टोल फ्रि नम्बर संचालन गर्नका लागि नेपाल दुरसंचार प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : नगर दररेट सम्बन्धमा ।**

निर्णय नं. ३ : यस नगरपालिकाका लागि आ.व. २०७७।०७८ सालका लागि कार्यपालिकामा पेश भएको नगर दररेट २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।